annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ११३ पृष्ठ ८ | काठमाडौं, बुधबार ४ भदौ २०८२ | भाद्र कृष्णपक्ष द्वादशी नेपाल संवत् ११४५ | WEDNESDAY, AUGUST 20, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# के हो संवैधानिक इजलासको सकस ?




सर्वोच्च अदालत अर्थात् अभिलेख अदालत आफैं भन्छ, 'अदालत स्वच्छ सुनुवाइको हिमायती हो । स्वच्छता न्यायको प्रमुख विशेषता हो र स्वच्छ सुनुवाइको अधिकार आधारभूत मानवअधिकार हो भन्ने हाम्रो मान्यता छ । स्वच्छ सुनुवाइको अभावमा न्यायको आत्मा नै मर्ने र न्याय नै परास्त हुने गर्छ । यस्तोमा स्वच्छ सुनुवाइको मान्यतालाई यस अदालतबाट उपेक्षा गर्ने वा पालना नगर्ने भन्ने कुरा सोच्नसम्म पनि नसकिने विषय हो ।' विडम्बना, सर्वोच्चकै संवैधानिक इजलास नै एक महिनादेखि अवरुद्ध छ । जटिल कानुनी प्रश्नको व्याख्या गरी निकास दिने संवैधानिक कर्तव्य भएको संवैधानिक इजलास कर्तव्यविमुख भैं छ । हरेक बुधबार बस्ने संवैधानिक इजलास अवरुद्ध भएकामा पूर्वप्रधान न्यायाधीश/न्यायाधीशदेखि संवैधानिक कानुनका विज्ञहरू चिन्तित छन् । संवैधानिक कानुनका ज्ञाता एवं न्यायविद्हरू भन्छन्, 'इजलासको इज्जत राखौं । याचिकाहरूलाई समयमै न्याय दिउँ । आशाको ज्योति जगाऔं ।'

**दिनेश गौतम** | *काठमाडौं*

**– को रिपोर्ट**

समाचार पृष्ठ २

## उपसभामुखलाई हटाउन दिनभर गृहकार्य, तर बढेन प्रक्रिया

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*



सत्तारूढ नेपाली कांग्रेस र नेकपा एमाले उपसभामुख इन्दिरा रानामगरलाई हटाउने गृहकार्यमा दिनभर लागे। तर, प्रक्रिया अघि बढेन।

भिजिट भिसा प्रकरणमा 'पद अनुकूल आचरण नगरेको' आरोपमा कांग्रेस-एमाले उनलाई हटाउने तयारीमा जुटेका थिए। कांग्रेस-एमालेले आफ्ना सांसदको हस्ताक्षर नै संकलन गरे। उपसभामुख देशबाहिर हुँदा उनलाई हटाउँदा नराम्रो सन्देश जाने भएकाले अब अमेरिकाबाट फर्केपछि मात्रै प्रस्ताव दर्ता गर्ने तयारी कांग्रेस-एमालेले गरेका छन्। उपसभामुख रानामगर भदौ १३ मा मात्रै स्वदेश फिर्ता आउनेछिन्।

एमालेका मुख्य सचेतक महेशकुमार बर्तौलाले उपसभामुख आएपछि नै यस विषयमा छलफल गरिने बताए। उनले उपसभामुखको विषयमा कुनै औपचारिक निर्णय नभएको स्पष्ट पारे। 'मंगलबारै प्रस्ताव दर्ता हुँदैछ भनेर अनुमानित हिसाबले छ्याप्छ्याप्ती बाहिर आयो तर हामीलाई थाहा छ, उपसभामुख बाहिर हुनुहुन्छ। यसबारे बहस गर्दा उहाँ भएकै बेलामा गर्छौं', उनले भने, 'अहिलेसम्म उहाँको विषयमा हामीले कुनै औपचारिक निर्णय गरेका छैनौं। जब त्यो निर्णयमा पुग्छौं, भनेर नै गर्छौं।'

एमाले मुख्य सचेतक बर्तौलाले औपचारिक निर्णय नभए पनि राफसाफ गर्ने निष्कर्षमा भने सत्तारूढ दल पुगेको बताए। 'हामी के निष्कर्षमा पुगेका छौं भने उहाँका विषयमा पटक-पटक कुरा उठ्छ तर उहाँहरू (रास्वपा) यही विषयमा लामो समयदेखि सदन अवरोध गरिरहनुभएको छ, उपसभामुखको विषय भने उठ्छ, फेरि शान्त हुन्छ। यसले संसद्को गरिमामा नै धक्का पुर्‍याउँछ,' उनले भने, 'त्यसैले यो विषय रापसाफ हुनु जरुरी छ। यो कुराको निरूपण हुनु जरुरी छ।' संसद्मा रास्वपालगायत दलले लामो समयदेखि भिजिट भिसा प्रकरणमा विरोध गर्ने, मानव तस्करजस्ता नारा लगाउने काम गरिरहेको प्रसंग उठाउँदै एमाले मुख्य सचेतक बर्तौलाले उपसभामुखका विषयमा रास्वपाले जिम्मेवारी लिने कि नलिने भन्ने प्रश्न गरे।

'केही समय पहिला उपसभामुख विषय संसद्मा उठ्यो। उहाँले असम्बन्धित कार्यक्रममा असम्बन्धित व्यक्तिहरूलाई, महिलाको कार्यक्रममा पुरुषलाई पठाउने गरी चार पुरुष र केही महिलालाई आफैंसँग अमेरिका लैजानका लागि भिसा प्रक्रिया सहजीकरणका लागि अमेरिकन राजदूतावासमा उपसभामुखको लेटरप्याड तथा संसद्को लोगो छापको प्रयोग गरी पत्राचार गर्नु भयो', उनले भने, 'त्यो विषयसँग जोडिएर आर्थिक चलखेल भएको कुरा पनि उजागर भयो। पैसा दिएको, फिर्ता गरेको कुरा पनि आए। त्यो विषय संसद्मा उठिरह्यो तर त्यसले अहिलेसम्म पनि किनारा पाउन सकेको छैन।'

» बाँकी पृष्ठ ६

## रूस-युक्रेन युद्ध अन्त्यका लागि अमेरिकी पहल


**सुरज भण्डारी** | *अमेरिका*



रूस-युक्रेनबीच जारी युद्ध अन्त्यका लागि सोमबार अमेरिकाको वासिङ्टन डीसीमा महत्वपूर्ण संवाद भएको छ। रूसका राष्ट्रपति भ्यालिदिमिर पुटिनसँग शुक्रबार संवाद गरेका अमेरिकाका राष्ट्रपति डोनाल्ड जे ट्रम्पले युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेनेस्कीसँग संवाद गरे।

युक्रेनलाई साथ दिँदै आएका युके, युरोपेली युनियनमा आबद्ध देशहरू र नेटोका उच्च अधिकारीहरूसँग पनि ट्रम्पले भेट गरे। रूस-युक्रेन युद्ध अन्त्यका लागि ट्रम्पले पहल र दबाब बढाउँदै लगेका छन्। स्थायी शान्ति सम्झौताका लागि ट्रम्पको बढ्दो सक्रियतासँगै पुटिन र जेलेनेस्की एउटै टेबलमा बस्ने सम्भावनालाई बढाएको छ।

» बाँकी पृष्ठ ६




# नाडा अटो शो सुरु, 'उड्ने कार' हेर्नेको घुइँचो

**ममता थापा** | *काठमाडौं*

अत्याधुनिक प्रविधिलाई समेट्दै मंगलबारदेखि राजधानीमा नाडा अटो शो-२०२५ सुरु भएको छ। उक्त शोमा अवलोकनकर्ताको रुचिको केन्द्र बन्यो उड्ने कार अर्थात् 'भर्टिकल फ्लाइङ ट्याक्सी' स्टल र ह्युमोनोइड रोबोट।

नेपालमा पहिलोपटक भित्र्याइएको उड्ने कारको चौतर्फी चर्चा चलेसँगै प्रदर्शन स्थलमा यसलाई हेर्ने अवलोकनकर्ताको निकै ठूलो भीड लाग्यो। नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले भृकुटीमण्डपमा आयोजना गरेको १७ औं नाडा अटो शोको उद्घाटन गर्न पुगेका प्रधानमन्त्री केपी शर्मा ओलीले पनि उड्ने कारको उदाहरण दिँदै संसारमा प्रविधिले अनौठो फड्को मारेको बताए।

यस वर्षको अटो शोमा पहिलोपटक ह्युमोनोइड रोबोट र दक्षिण एसियामै पहिलोपटक उड्ने कार अर्थात् 'भर्टिकल फ्लाइङ ट्याक्सी'ले नयाँ आकर्षण थपेको छ। ह्युमोनोइड रोबोटसँग अवलोकनकर्ताहरू रमेको देखिन्छ। भदौ ८ सम्म चल्ने यो मेलामा 'मेड इन नेपाल' पविलियनमार्फत टायर, ब्याट्री, लुब्रिकेन्ट्स जस्ता स्वदेशमै उत्पादित पार्टपुर्जालाई समेत प्रोत्साहन गरिएको छ।

दिपल ईभी ब्रान्डको आधिकारिक वितरक एमएडब्लू वृद्धि अटो कर्प प्रालिले नेपालमा पहिलोपटक उड्ने कारलाई प्रदर्शनीमा राखेको हो तर यो बिक्री गर्न भने होइन। नीतिगत व्यवस्था नभएकाले यसलाई बिक्री गर्न पाइँदैन। भविष्यको सहरी हवाई मोबिलिटीको पहिलो झलकस्वरूप दिपल ईभीटीओएल यूएभी नामक उड्ने कार शोमा राखिएको बारेमा बोल्दै प्रधानमन्त्री ओलीले नेपालमा यसका लागि राख्ने स्थान नभएको र नीतिगत व्यवस्था नभएकाले अनुमति पनि नभएको बताए। 'उड्ने कारका लागि स्पेस छैन र अनुमति पनि छैन। यो केवल म्युजियमको रूपमा मात्रै हो,' प्रधानमन्त्री ओलीले भने। यससँगै प्रधानमन्त्री ओलीले प्रविधिको रूपान्तरण भइसकेको भन्दै देशका लागि योगदान दिन अनुरोध गरेका छन्। उनले उत्तर र दक्षिणतिर नयाँ र पक्की मार्गहरू बन्दै छन्, अन्तर्राष्ट्रिय विमानस्थल थपिएको छ र हरित ऊर्जा, मिथेन ग्यास, धौवादी फलामको उत्पादनले प्रविधिको रूपान्तरण भइसकेकोतर्फ ध्यानाकर्षण गराएका हुन्। सबैको ध्येय विकास र समृद्धि भएकाले यसमा सबैलाई ढुक्कले अगाडि बढ्न उनले आग्रहसमेत गरे।



**मंगलबारदेखि सुरु भएको नाडा अटो शो-२०२५ मा उड्ने कारबारे जानकारी लिँदै प्रधानमन्त्री केपी शर्मा ओली ।** ● सुनिता डंगोल

कार्यक्रममा प्रधानमन्त्री ओलीले वैज्ञानिक खोज, अध्ययनसँगै नयाँ विकास, आविष्कार र प्रगति भएको बताउँदै नेपालले पनि त्यस प्रकारको विकासको सहज उपभोग गर्ने स्थिति बनाउनुपर्नेमा जोड दिए। उनले नयाँ ढंगले काम गर्ने युवालाई सरकारले सबैखालको साथ दिने विश्वास दिलाए।

यसै क्रममा प्रधानमन्त्री ओलीले भने, 'हामीले अग्रगमन र आधुनिकीकरणका लागि नीतिगत व्यवस्थाहरू र पूर्वाधार विकास गरेका छौं। लगानी र काम गर्न कुनै बाधा छैन। अहिले असन्तुष्ट हुनुपर्ने कुनै कारण छैन। कोही असन्तुष्ट नै हुन्छु भनेर कसम खाएको छ भने त केही लाग्दैन।'

एमएडब्लूले सार्वजनिक गरेको उड्ने कार दुई सिट क्षमताको पूर्णतः इलेक्ट्रिक सवारी हो। यसको ३० देखि ५० किलोमिटरसम्मको रेन्ज क्षमता रहेको छ। यसलाई जीपीएसमार्फत स्वचालित रूपमा सञ्चालन गर्न सकिन्छ।

» बाँकी पृष्ठ ६